# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## व्यवस्थापन तथा कानून विभाग

मितिः २०८१।०८।०७

## प्रेश विज्ञप्ति

**नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापित लगानी कम्पनीको धितोपत्र निष्काशन सम्बन्धमा ।**

नेपाल धितोपत्र बोर्डले मिति २०८१।०८।०७ देखि लागु हुने गरी धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को आठौं संशोधन मार्फत नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेन्ट कम्पनीको धितोपत्र निष्काशन सम्बन्धी व्यवस्था गरेको छ । धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको आठौं संशोधन बोर्डको वेबसाइट मार्फत सार्वजनिक गरिएको र देहायको लिङ्क मार्फत उक्त संशोधन हेर्न सकिनेछ ।

https://sebon.gov.np/uploads/2024/11/22/ycXWioHjoOklbKWARK9rlfVE5J3Gx6fYJNKKCSUE.pdf

उक्त संशोधनको मुख्य व्यवस्थाहरु देहाय अनुसार रहेका छन् ।

- गैर आवसीय नेपालीहरूले नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेन्ट कम्पनीको सेयरमा लगानी गर्न सक्ने र त्यस्तो सेयर दोस्रो बजारमा गैर आवासीय नेपाली बीच मात्र खरिद बिक्री हुने ।
- गैर आवसीय नेपालीहरूले नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोली सोही खाता मार्फत आस्वा प्रणालीको प्रयोग गरी नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेन्ट कम्पनीको सेयरमा आवेदन दिन सक्ने ।
- निष्काशन गरिने सेयरमा आवदेन दिन सकिने न्यूनतम सीमा १,००० कित्ता रहेको ।
- संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको सेयर खरिद गर्न इच्छुक गैर आवासीय नेपालीहरूले गैरआवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपालीको परिचयपत्र तथा स्थायी लेखा नम्बर (प्यान नम्बर) पेश गर्नुपर्ने ।
- संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीमा लगानी गर्ने गैर आवासीय नेपालीहरूले कम्पनीको संस्थापकको रुपमा वा सर्वसाधारणको रुपमा लगानी गर्न सक्ने ।
- संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले निष्काशन गरेको सेयरको कारोबार प्रणाली धितोपत्र बजारले व्यवस्था गरे बमोजिम हुने ।
- संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले धितोपत्र निष्काशन गर्दा सेयरको प्रत्याभूति सम्बन्धी व्यवस्था लागु नहुने ।

गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानीको अवसर उपलब्ध गराउने विषय नेपाल सरकार तथा बोर्डको उच्च प्राथमिकतामा रहेको छ । यसको अतिरिक्त गैरआवासीय नेपालीलाई दोस्रो बजारमा धितोपत्र खरिद बिक्री गर्न खुला गर्ने विषयमा बोर्डबाट अध्ययन कार्य सम्पन्न भई यस सम्बन्धमा आवश्यक व्यवस्था गर्न कानुनमा संशोधन गर्ने कार्य समेत भइरहेको जानकारी गराइन्छ ।

(डा.नवराज अधिकारी)
प्रबक्ता

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०९७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np